बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

प. सं. २०७९/०८० (भौतिक पूर्वाधार विकाश शाखा) प्रदेश नं. १, नेपाल

च.नं.

मिति: २०७९/०७/०३

**विषय:- घर नक्सा पास तथा भवन निर्माण अनुमति सम्बन्धि सार्वजनिक सूचना**

प्रस्तुत सन्दर्भमा बेलका नगरपालिकाको क्षेत्रभित्र निर्माणाधीन (नक्सा पास प्रक्रियामा समावेश) तथा नयाँ निर्माण हुने घरहरुको नक्सा पासको लागि नेपाल सरकारले तोकेको मापदण्ड, नेपाल राष्ट्रिय भवन निर्माण संहिता २०६० (संसोधन सहित) र बेलका नगरपालिकाको भवन निर्माण मापदण्ड-२०७८ को पालना गरी स्थानीय तहबाट नक्शा पास गराई भवन निर्माण गर्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ मा रहेको छ ।सो को विपरित भवन निर्माण भईरहेको पाइएको हुँदा यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने निजी, सामुदायिक एवम् सरकारी भवनहरुको निर्माण गर्दा नगरपालिकाबाट अनिवार्य रुपमा नक्सा पास गराई निर्माण अनुमति लिएर मात्र घर निर्माण गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि नगर कार्यपालिकाको मिति २०७९/०६/०९ को निर्णय अनुसार यो सार्वजानिक सूचना प्रकाशन गरिएको छ । साथै यस नगरपालिका भित्र निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा घर सम्बन्धि नक्सा बनाउने कन्सल्टेन्सीहरुले यस आ.व. २०७९/२०८० को नवीकरण यहि कार्तिक मसान्तसम्म गरिसक्नु हुन समेत सूचित गरिन्छ ।

<u>द्रष्टब्य:</u> नक्सा पास तथा ईजाजत नलिई निर्माण कार्य गरेमा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ३९ उपदफा ५ बमोजिम कारवाही तथा जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ छ ।

रमेश कार्की
इन्जिनियर
सिभिल 'क' १७८१३

..................................
(अशोक कार्की)
नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख